**फिक्कल गाउँपालिका**
**खाङ्साङ., सिन्धुली**
**३ नं.प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्ड १** **संख्याः ४** **मितिः २०७५/०१/०१**

**भाग-१**

नेपालको संविधान,२०७२ को धारा २२१ ले दिएको व्यवस्थापिकीय अधिकारको प्रयोग गरी फिक्कल गाउँपालिका सिन्धुलीको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७४ सालको ऐन नं.०२

## फिक्कल गाउपालिका सिन्धुलीको "पूर्वाधार व्यवस्थापन ऐन, २०७४"

गाउँ सभाबाट स्वीकृत मितिः २०७४/१२/१५ प्रमाणीकरण मितिः २०७४/१२/३०

**प्रस्तावनाः** गाउँपालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ को उपधारा (४) को अनुसूची-८ को क्रमसंख्या ११ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११.ट मा व्यवस्थित काम, कर्तव्य र अधिकारको प्रयोजनका लागि फिक्कल गाउँपालिका सिन्धुलीको गाउँ सभाले यो ऐन बनाएको छ।

### परिच्छेद् १

**१. संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम फिक्कल गाउँपालिका सिन्धुलीको "पूर्वाधार व्यवस्थापन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन फिक्कल गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "अध्यक्ष" भन्नाले फिक्कल गाउँपालिका सिन्धुलीको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले फिक्कल गाउँपालिका सिन्धुलीको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले फिक्कल गाउँपालिका सिन्धुली सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले फिक्कल गाउँपालिका सिन्धुलीको कार्यपालिका सम्झनु पर्छ।



(ङ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनु पर्छ।

(च) "पूर्वाधार" भन्नाले यस ऐनको अनुसूची-१ मा उल्लेख भए बमोजिमका बिषयसँग सम्बन्धित भौतिक पूर्वाधारलाई सम्झनुपर्छ।

(छ) "जलस्रोत" भन्नाले गाउँपालिका क्षेत्र भित्रको भू-सतह वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "उपभोक्ता संस्था" भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामुदायिक संस्थालाई सम्झनु पर्छ।

(ञ) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्वन्धी कार्य सम्झनु पर्छ।

### परिच्छेद् २

### स्थानीय सडकहरुको वर्गीकरणः

**३. स्थानीय सडकहरुको वर्गीकरणः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सडक विस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको वर्गीकरण र बृहत्तर सडक सञ्जाल गुरुयोजना तयार गर्नेछ।

**(२) गाउँपालिका स्तरमा मूख्यतः निम्न अनुसारका सडकहरू रहनेछन् :**

**(क) गाउँपालिका सडकः** गाउँपालिकाको मध्य वडाको कार्यालय र महत्वपूर्ण स्थानमा रहेको सडकलाई पालिका सडकको रुपमा वर्गीकरण गरिनेछ। यस्ता सडकको चौडाई न्यूनतम ८ मिटर हुनु पर्नेछ।

**(ख) बस्ती सडकः** गाउँपालिकाका वस्तीहरुमा यातयातको पहुँचका लागि बनाईएका सडकहरुलाई ग्रामीण सडकको रुपमा वर्गीकरण गरिनेछ। यस्ता सडकहरु न्यूनतम ६ मिटर चौडाई हुनेछन्।

**(ग) कृषि सडकः** गाउँपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र बजारलाई जोड्ने सडकहरु यस अन्तरर्गत पर्दछन्। यस्ता सडकहरुको न्यूनतम चौडाई ६ मिटर हुनु पर्दछ।

**(घ) घोडेटो पुल बाटोः** मानिस र पशु चौपाया मात्र हिड्ने एकभन्दा बढी गाउँ वस्ती जोडने बाटोलाई घोडेटो मूलबाटोको रुपमा बर्गीकरण गरिने छ। यसको न्यूनतम चौडाई दुई मिटरको हुनेछ।

**(ङ) गोरेटो बाटोः** मानिस र चौपाया हिड्ने, वस्तीबाट घोडेटो, मूलबाटो वा वस्ती सडक सम्म जोडिने अधिकतम एक किलोमिटर लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ। यसको चौडाई न्यूनतम तीन फिटको हुनेछ।

(३) प्रत्येक स्थानीय सडकको घुम्ती तथा मोडहरुमा ठूला सवारीहरुको आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा चालीस प्रतिशत बढी हुने गरी मोड निर्माण गरिनु पर्दछ।

**४.मापदण्ड निर्धारण गर्नेः** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्नेछ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले बहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हदभन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्नेछ ।

**५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने:** (१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्वन्धित अधिकारीको स्वीकृति बिना कुनै प्रकारका संरचना निर्माण गरे वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काउने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु भत्काउनु परेमा सो भत्काउनु पर्ने कारण सहित गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्वन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृत प्रदान गर्न सक्नेछ ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा वा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा प्रभावित घर पूर्ण रुपमा बिस्थापित हुने साथै प्रभावितको स्वामित्व र परिवारको समेत स्वामित्वमा जग्गा नरहेको खण्डमा क्षतिपूर्ति सम्वन्धित जग्गाधनीलाई दिएर मात्र सडक वा पूर्वाधार बनाउनु पर्नेछ ।

**६. सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने:** (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाममा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई गाउँपालिकाले आफ्नो कब्जामा राख्ने गरी अन्यत्र लैजान सक्नेछ ।

## परिच्छेद् ३
## जलस्रोतहरुको संरक्षण र उपयोग

**७.जलस्रोतको उपयोग:** (१) गाउँपालिका स्थित देहाय बमोजिमको एक जलस्रोत समिति रहने छ ।

(क) गाउँपालिकाका अध्यक्ष –संयोजक

(ख) सम्बन्धित वडाका अध्यक्ष –सदस्य

(ग) वन तथा वातावरण तथा जलस्रोत (प्राकृतिक स्रोत साधन) शाखा प्रमुख – सदस्य

(घ) खानेपानी उपभोक्ता महासंघका प्रतिनिधि –सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृत –सदस्य सचिव

(२) गाउँपालिका भित्र रहेका भूमिगत वा सतही जलस्रोतको अनाधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(३) जलस्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिईने छ ।

(क) पिउने पानी,

(ख) सिंचाई,

(ग) पानी घट्ट, औद्योगिक वा निर्माण प्रयोजन,

(घ) जलविद्युत,



(ङ) जल पर्यटन (जलक्रिडा)

(४) गाउँपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा स्रोतको समुचित विकास गर्ने अधिकार गाउँपालिकालाई हुनेछ । मुहान सम्वन्धी विवादको निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

**८. अनुमति लिनु पर्ने:** (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलस्रोतको उपयोग गर्न छैन ।

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामुहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसायिक रुपमा माइक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्न,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) जलस्रोतको सामुहिक लाभ, व्यवसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ ।

(३) सो सम्वन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायिक उपभोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायिक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण बिवरण खुलाई निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि नेपाल सरकारको जलस्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन ।

**९.खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायिक लाभ व्यवस्थापन:** (१) गाउँपालिका क्षेत्र भित्र खानेपानी, सिंचाई, पानी घट्ट, लघु जल विद्युत र ताल पोखरीको लागि जलस्रोत उपयोग गर्न परेमा सम्वन्धित क्षेत्रका उपभोक्ताहरु मिली जल उपभोक्ता संस्थाको गठन गरी गाउँपालिकाबाट अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नु पर्नेछ ।

(२) यस ऐन तर्जुमा हुनुअघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलस्रोतलाई यो ऐन तर्जुमा भएको छ महिना भित्र गाउँपालिकामा दर्ता गराउनु पर्दछ ।

**१०.जल उपभोक्ता संस्थाको गठन:** (१) दफा ११ को प्रयोजनको लागि गठन हुने उपभोक्ता संस्थामा नौ देखि पन्ध्र जना सदस्यहरु रहन सक्नेछन् । उपभोक्ता संस्थामा ४० प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ र त्यस्तो समितिको पदाधिकारीहरुमध्ये अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य महिला पदाधिकारी हुनु पर्नेछ ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरण सहित गाउँपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनु पर्दछ ।

(क) उपभोक्ता संस्थाको विधान,

(ख) मुहान दर्ता भइसकेको भए, दर्ताको प्रमाण पत्र र नभएको भए स्रोतको विवरण,

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या,

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने स्रोत,

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव ।

(च) मुहानको दायाँ वायाँ तलमाथिको उपभोक्ताको मञ्जुरीनामा पेश गर्ने ।

(छ) सम्बन्धित वडाको सिफारिस साथै दुई वा सो भन्दा बढी गाउँपालिका वा नगरपालिकाको सीमाना जोडिएको हकमा सीमाना जोडिएको गाउँपालिका वा नगरपालिकाको सिफारिस ।

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला संस्था हुनेछ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि दुई बर्षको हुनेछ । अर्को पटकको लागि म्याद सकिनु पन्ध्रदिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नु पर्नेछ ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र प्रचलित ऐन र संस्थाको विधानमा तोकिए बमोजिम हुनेछ । यस संस्थाले बार्षिक रुपमा लेखा परीक्षण गराई तिर्नुपर्ने कर फछ्र्यौट गर्नुका साथै गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानूनले तोके बमोजिमको जलस्रोत उपयोग कर तिर्नु पर्नेछ ।

(६) यसरी तोकिए बमोजिम विधि प्रक्रिया अवलम्वन नगरेमा गाउँपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ ।

**११.जलस्रोतको व्यवसायिक उपयोगका लागि अनुमति लिनुपर्ने:** (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नु परेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्सा (मुख्य,मुख्य संरचनाहरु समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम,

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत,

(च) परियोजना सञ्चालनमा पर्ने वातावणीय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन),

(२) उपदफा (१) बमोजिम परेको आवेदनमा गाउँपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरु तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाईटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनु पर्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुन बमोजिमको दस्तुर वा बार्षिक शुल्क बुझाउनु पर्नेछ ।



(५) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

## परिच्छेद् ४

## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्वन्धी व्यवस्था

**१२.स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने:** (१) गाउँपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सकिनेछ ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागीतामा निर्माण भई सञ्चालनमा रहेका एकभन्दा बढी खानेपानी आयोजनाहरु मार्फत पाँचसय भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

(३)यस प्रयोजनको लागि एकभन्द बढी उपभोक्ता संस्थाहरुले यस्तो बोर्ड गठनका लागि गाउँपालिका समक्ष आवेदन गर्नुपर्ने छ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नु पर्दछ ।

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र ,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको बिवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सो को मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्था मार्फत सेवा सञ्चालन गराउने हो सो सम्वन्धी व्यहोरा,

(ज) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आवद्ध सम्पत्ति तथा दायित्व,

(झ) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल,

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

(५) बोर्ड अविछिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ । बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मत सम्भार, महशुल अशुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफै गर्न सक्नेछ ।

**१३.खानेपानी तथा सिंचाईको शुल्क निर्धारण:** (१) खानेपानीको महशुल निर्धारण गर्नको लागि देहाय बमोजिमको महशुल निर्धारण समिति गठन हुनेछ :

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि -सदस्य

(ग) राजस्व समितिको संयोजक -सदस्य

(घ) गाउँपालिकाको लेखा प्रमुख -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

## परिच्छेद् ५

## भवन निर्माण तथा शहरी विकास सम्वन्धी कार्यहरु

**१४.स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुने:** गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनावद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ पक्की भवन बनाउने, पुरानो भवन भत्काई पून: निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौंशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्वन्धित कार्य गर्नु गराउनु हुँदैन ।

**१५.भवनको दर्ता:** गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिने छ ।

**१६.भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्वन्धी व्यवस्था:** (१) गाउँपालिका क्षेत्रभित्र पक्की भवन-आरसिसि स्ट्रक्चर निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिँदा नक्सा साथ डिजाईन समेत पेश गर्नु पर्नेछ ।

(२) आवासिय भवनको हकमा २५० वर्ग मिटर सम्मको भवन बनाउँदा २० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ । सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ३० प्रतिशत खाली स्थान छोड्नु पर्दछ ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्युनतम २ मिटर सेट व्याक छोडनु पर्दछ ।

**१७. वस्ती विकासको लागि अनुमति दिने:** गाउँपालिका भित्र कुनै व्यक्ति समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्री गर्ने प्रयोजनबाट वस्ती विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा वस्ती विकासको कार्ययोजना सहित अनुमतिको लागि निवेदन दिनु पर्दछ ।

## परिच्छेद् ६

## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्था

**१८.पूर्वाधार आयोजना तर्जुमा:** (१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्वन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरी गाउँ सभाबाट पारित गर्नु पर्नेछ ।

(२) पूर्वाधार योजना तर्जुमाको क्रममा देहाय बमोजिम उल्लेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछ:



(क) आयोजनाको लक्ष्य,

(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र स्रोत,

(घ) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठन सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च,

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप,

**१९. लागत अनुमान तयार गर्नुपर्ने:** (१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ ।

**२०.पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन:** (१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नुपर्ने अनुसूची-१ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्वन गरिनेछ ।

(क) एकलाख सम्मका आयोजना वा कार्यक्रम सोझै वार्ताबाट,

(ख) पैतालीस लाख सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत,

(ग) पैतालीस लाखभन्दा माथि नब्बे लाख सम्मका आयोजना वा कार्यक्रम स्थानीय निर्माण व्यवसायी मार्फत,

(घ) नब्बे लाखभन्दा माथिका आयोजना वा कार्यक्रम संघीय ऐनले तोके बमोजिमका निर्माण व्यवसायी मार्फत,

(ङ) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापन फाल्ने कार्य साझेदारी मार्फत

**२१.उपभोक्ता समिति मार्फत गर्न सकिने:** (१) रु.पैतालीस लाख सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ ।

(२) उपभोक्ता समितिको गठन स्थानीय लाभान्वित समुदायहरु मध्येबाट ९ देखि १५ जना सम्मको समिति गठन गर्नु पर्नेछ । यस्तो समितिमा न्यूनतम ४० प्रतिशत महिला सहभागीता हुनु पर्ने र समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिवमध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला पदाधिकारी रहनु पर्नेछ ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर समयसम्म कायम रहनेछ । आयोजनाको निर्माण कार्य सकिएपछि पनि निर्माण अवधि बराबरकै बाँकी समयमा आयोजनाको रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले बहन गर्नु पर्नेछ ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्यूनतम १५ प्रतिशत नगद वा लागत सहभागीता वा जनश्रम व्यहोर्नु पर्नेछ ।

**२२.स्थानीय निर्माण व्यवसायी दर्ता गर्ने:** (१) गाउँपालिकाले ९० लाख रुपैयाँ सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्वन्धी कार्य गर्ने प्रयोजनका लागि गाउँपालिकाभित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायिको रुपमा दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि स्थानीय निर्माण व्यवसायी हुन तोकिएका मापदण्ड पुरा गरेका इच्छुक समुह वा व्यक्तिले व्यवसाय दर्ता गर्नको लागि गाउँ कार्यपालिका समक्ष आवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपयुक्त देखिएका समूह वा व्यक्तिलाई आफ्नो क्षेत्र भित्र निर्माण कार्य गर्ने इजाजत सहितको व्यवसाय दर्ताको प्रमाण पत्र गाउँ कार्यपालिकाले दिनेछ ।

(४) उपदफा (२) बमोजिम दिईएको निर्माण व्यवसायको दर्ताको अभिलेख गाउँपालिकाले अध्यावधिक गराई राख्ने व्यवस्था गर्नु पर्नेछ । र आफूले पाएको निर्माण व्यवसायी प्रमाण पत्र हरेक आर्थिक बर्षको पहिलो ३ महिनाभित्र गाउँ कार्यपालिकामा नवीकरण गराउनु पर्नेछ ।

(५) स्थानीय निर्माण व्यवसायी हुन देहायको योग्यता हुनु पर्नेछ :

(क) न्यूनतम रु.दुईलाख पचासहजार सम्मको चालु पूँजी देखाई गाउँ कार्यपालिकामा व्यवसाय दर्ता भएको,

(ख) व्यक्ति वा व्यवसायको नाममा गत आर्थिक बर्षमा न्यूनतम पाँचलाख सम्म बैंकिङ् कारोवार गरेको,

(ग) आफ्नो वा एकाघरको स्वामित्वमा न्यूनतम रु.पाँचलाख पचास हजारसम्मको निर्माण उपकरण चालु हालतमा रहेको ।

**२३.पूर्वाधार निर्माण गराईदा प्रतिस्पर्धा गराइने:** (१) दफा २२ बमोजिम दर्ता भएका निर्माण व्यवसायीहरु मार्फत निर्माण तथा मर्मत सम्भार सम्वन्धी कार्य गराउने प्रयोजनको लागि गाउँ कार्यपालिकाले आपसी प्रतिस्पर्धाको आधारमा निर्माण व्यवसायिहरुको छनौट गर्नेछ । सो प्रयोजनको लागि देहाय बमोजिमको कार्यविधि अपनाइने छ ।

(क) गाउँ कार्यपालिकाको संक्षिप्त सूचीमा रित पूर्वक सुचिकृत व्यवसायीहरु मध्येबाट १५ दिनको सार्वजनिक सूचना दिई प्रस्ताव माग गर्ने,

(ख) प्रस्ताव माग गर्दा सम्वन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम र अन्य आवश्यक कुराहरु खुलाउनु पर्ने,

(ग) न्यूनतम कबोल गर्ने व्यवसायीलाई आवेदनको म्याद समाप्त भएको ७ दिनभित्र सम्झौताका लागि आव्हान गर्ने,

(घ) छानिएका व्यवसायीले कबोल गरेको रकमको १५% बैंक ग्यारेन्टी सहित सम्झौताका लागि कार्यालयमा आउनु पर्ने ।



(२) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसँग उप करार गर्न पाइने छैन । कुनै कारणवश आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना गाउँ कार्यपालिकालाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएमा गाउँपालिकाले सो सम्वन्धमा जाँच गरी सम्झौता तोडी बाँकी रहेको काम नियमानुसार गराउनु पर्नेछ ।

(३) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको बिवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाण पत्र प्राप्त गरेको मितिले ३५ दिनभित्र गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२४.पूर्वाधार मर्मत सम्भार कोष:** (१) गाउँपालिका भित्र रहेका गाउँ स्तरीय, केन्द्रीय स्तरीय वा प्रदेश स्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न स्थानीय पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी इत्यादीबाट प्राप्त रोयल्टी बापतको रकम वा सो आयोजनाको लागि लगानी गरिने अनुदान रकमको २ प्रतिशतले हुने रकम अग्रीम रुपमा कट्टी गरी सो कोषमा दाखिला गरिनेछ ।

## परिच्छेद् ७

## पूर्वाधार अनुगमन तथा मूल्याङ्कन सम्वन्धी व्यवस्था

**२५.पूर्वाधार अनुगमन समिति:** गाउँपालिका क्षेत्रभित्र संघीय सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने पूर्वाधार निर्माण एवं मर्मत सम्भार कार्यहरुको गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि देहाय अनुसारको पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष -अध्यक्ष

(ख) पूर्वाधारको काम हुने वडाको वडा अध्यक्ष -सदस्य

(ग) स्थानीय विज्ञहरु मध्ये गाउँ कार्यपालिकाले तोकेको एक महिला सहित २ जना -सदस्य

(घ) गाउँपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख (प्राविधिक) -सदस्य सचिव

**२६.समितिको बैठक र निर्णय:** पूर्वाधार अनुगमन समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

**२७.अनुगमन पश्चात: निर्देशन दिन सक्ने:** (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरी सो बमोजिम अनुगमन गरेर निर्माण कार्यमा संलग्न व्यक्ति वा निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ ।

**२८.सहमति वा सिफारिस लिनु पर्ने:** गाउँपालिका आफैले सञ्चालन गरेका पूर्वाधारहरुको निर्माण वा मर्मत कार्य सम्पन्नता पश्चात: सो वापतको अन्तीम किस्ता भुक्तानी गर्न अनुगमन समितिको सिफारिस लिनु पर्नेछ ।

**२९.कारवाहीको सिफारिस गर्ने:** गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा निर्माण व्यवसायी वा सो काममा संलग्न निकायकै लापरवाहीका कारण निर्धारित समयावधी भित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्वन्धित निर्माण व्यवसायी वा सो काममा संलग्न निकायलाई कारवाहीका लागि गाउँ पालिका, प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिका भित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ ।

**३०.कालो सूचीमा राख्ने:** (१) देहायको अवस्थामा गाउँ कार्यपालिका कार्यालयले सबै प्रकारका निर्माण व्यवसायी वा निर्माण कार्यमा संलग्न निकायलाई भविष्यमा निर्माण कार्य नदिने गरी कालो सूचीमा राख्न सक्नेछ ।

(क) कुनै फौज्दारी कसुरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई सम्झौता गरेर ३ महिनासम्म काम शुरु नगरेमा,

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पार्ने कार्य गरेमा,

(च) प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा ।

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसुरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधि तोक्न सकिने छ ।

**३१.प्राविधिक मूल्याङ्कन गर्नु पर्ने:** (१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्याङ्कन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशालाको व्यवस्थापन गर्न सकिने छ ।

## परिच्छेद् ८

## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

**३२.निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने:** (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाइसँग सम्वन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझेदारी गर्न सक्नेछ ।



(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपायोगीताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्वन गरी निजी साझेदारीसँग लगानी प्राप्त गर्न र प्रतिफल वाडफाँड गर्नेगरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ ।

(क) सञ्चालन तथा व्यवस्थापन: अधिकतम पाँच बर्षका लागि,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण: ७ देखि १५ बर्षका लागि,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण: १५ देखि २० बर्षका लागि,

(घ) लिज वा कन्सेसन: सम्झौतामा तोकिए बमोजिम वा अधिकतम २२ बर्ष ।

**३३.प्रस्ताव आव्हान गर्न सक्ने:** (१) गाउँ कार्यपालिकाले दफा (३२) बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा निजी व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोली प्रस्ताव पेश गर्नु पर्दछ ।

(क) निर्माण गर्नुपर्ने वा सञ्चालन गर्नुपर्ने पूर्वाधारहरुको विवरण,

(ख) अनुमानित लागत,

(ग) वित्तीय स्रोत,

(घ) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा),

(ङ) कार्यान्वयनका विवरण,

(च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरू,

(छ) परियोजनाको नक्सा तथा ड्रइङ् डिजाइन,

(ज) प्रस्तावित शुल्क र करार अवधि ।

**३४.प्रस्ताव छनौट र सम्झौता:** (१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोलीद्वारा तपसिलका आधारहरुमा मूल्याङ्कन गराई प्रस्ताव छनौट गर्न सक्नेछ ।

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर,

(ख) प्रस्तवित निजी लगानी,

(ग) सेवा शुल्क र रोयल्टी रकम,

(घ) लिज अवधि,

(ङ) प्रविधिको नौलोपन, स्थानीय रोजगारीको अवसरमा वृद्धि ।

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसँग गाउँ कार्यपालिकाले अवधि किटान गरी साझेदारी सम्झौता गर्न सक्नेछ ।

**३५.सञ्चालन तथा व्यवस्थापन:** (१) सम्झौता अवधिभरी पूर्वाधार संरचनाको सञ्चालन तथा व्यवस्थापनको दायित्व सम्वन्धित साझेदारको हुनेछ । सम्झौतामा हेरफेर गर्नु परेमा निजी साझेदार वा गाउँपालिकाको तर्फबाट एकअर्को लाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ ।

## परिच्छेद् ९
## वातावरणीय प्रभाव मुल्याङ्कन सम्वन्धी

**३६.वातावरणीय प्रभाव मुल्याङ्कन सम्वन्धी व्यवस्था:** (१) गाउँपालिकाले ६० लाखदेखि १० करोड सम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परीक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) आयोजनाको वातावरणीय परीक्षण र स्वीकृति गाउँपालिका स्वयंले गर्नेछ ।

(३) वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको लागि सो को प्रतिलिपि गाउँपालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी ७ दिनको म्याद सहित सुझाव माग गर्नु पर्नेछ ।

**३७. वैकल्पिक उर्जालाई प्रोत्साहन:** (१) पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्साहन गर्नु पर्नेछ ।

(२) कुनै घरमा सोलार, वायोग्याँस, सुधारिएको चुल्हो लगायतका बैकल्पिक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान सहयोग पाइने छैन ।

(३) घरेलु शौचालयलाई वायोग्याँस उत्पादनमा प्रयोग गर्ने सेप्टी टैंक बनाउने घरधुरीलाई गाउँपालिकाले सम्पत्ति कर वा मालपोतमा १० प्रतिशतसम्म छुट दिन सक्नेछ ।

**३८.भूक्षय नियन्त्रण सम्वन्धी कार्य गर्न सक्ने:** (१) गाउँपालिका भित्रको भूक्षयग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारमा वाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समुदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्तो कार्यका लागि सम्वन्धित क्षेत्रका व्यक्ति वा समूहले स्थान तोकी वृक्षरोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्ने छ ।

(३) वृक्षरोपणका लागि प्रस्तावित क्षेत्र व्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुऱ्याउने खालको हुनु हुँदैन ।

(४) प्रस्तावित स्थल उपयुक्त देखेमा गाउँपालिकाले अधिकतम ७ बर्षका लागि वृक्षरोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्नेछ ।

(५) उपरोक्त बमोजिम अनुमति दिंदा सडक छेउको हकमा सम्वन्धित सधियारलाई प्राथमिकता दिनु पर्नेछ ।

**३९.फोहरमैला तथा फोहर पानी व्यवस्थापन:** (१) गाउँपालिका भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा गर्नु पर्नेछ ।

(२) गाउँपालिका भित्र फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साइट निर्माण गर्न अन्य गाउँपालिकासँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद् १०
## विविध

**४०.अन्तर स्थानीय समन्वय:** (१) एक भन्दा बढी गाउँपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि गाउँ कार्यपालिकाबाट अनुमोदन गराई कार्यान्वयन गर्नु पर्नेछ ।



**४१.प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**४२.नियम बनाउन सक्ने:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**४३.बचाऊ:** यस ऐनको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यसअघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिने छ ।

## अनुसूची १
## दफा २ को (च) सँग सम्वन्धित

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिंचाई र तटवन्ध सम्वन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतिको आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत सम्भार र नियमन,

(ग) स्थानीय स्तरमा केवलकार ट्रली बस, ट्राम जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना कार्यान्वयन र नियमन,

(घ) राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेल सेवा सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, सहकार्य,

(ङ) स्थानीय स्तरमा यातयात सुरक्षा व्यवस्थापन र नियमन,

(च) स्थानीय खानेपानी सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(छ) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्वन्धी,

(ज) साना जलविद्युत आयोजना सम्वन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(ट) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्वन्धी नीति, कानुन, मापदण्ड र योजना, कार्यान्वयन र नियमन,

(ठ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन,

(ड) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन,

(ढ) स्थानीय तटवन्ध, नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन,

(ण) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(त) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्वन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि तथा प्रवर्द्धन ।

आज्ञाले
नइन्द्रराज राई
प्रमुख प्रशासकीय अधिकृत